नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१९८ दायर मिति:-२०८१/०८/१८**

**फैसला मिति:-२०८१/०८/२०**

| **वादी** | **प्रतिवादीहरु** |
|---|---|
| **प्रहरी प्रतिवेदनले** | **जिल्ला बारा कलैया उ.म.न.पा.वडा नं.६ बस्ने मकसुद मियाँको छोरा बर्ष २१ को कैमुदिन अंसारी समेत २ जना .........१** |
| **नेपाल सरकार..........................१** | |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**<u>तथ्य-खण्ड</u>**

१. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीहरुले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. हामीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सन्तोष कुमार यादव समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**<u>ठहर-खण्ड</u>**

यसमा मिति २०८१।०७।२७ गते अं.२१:२० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१५ स्थित सडकमा कैमुदिन अंसारी र साहेब अंसारीलाई शंकास्पद अवस्थामा फेला पारी सोधपुछ गर्दा निजहरुले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनमा बाधा पुऱ्याई अभद्र व्यवहार गरेको हुँदा निजहरुलाई पक्राउ गरी आश्यक कारवाहीको लागी दाखिला गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रहरीले प्रतिवादीहरुलाई शंकास्पद अवस्थामा फेला पारी सोधपुछ गर्दा निजहरुले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनमा बाधा पुऱ्याई अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु कैमुदिन अंसारी र साहेब अंसारीलाई कैद दिन २३ र जरिवाना जनही रु.२५००/- अक्षरेपी दुई हजार पाँच सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**<u>तपसिल खण्ड</u>**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु कैमुदिन अंसारी र साहेब अंसारीलाई ठहरेको कैद दिन २३ को हकमा निजहरु मिति २०८१/०७/२७ देखि २०८१/०८/१९ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा जनही रकम रु.२५००/- असुल उपर गर्नु -----------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ मंसिर महिना २० गते विहीवार रोज ५/ ने.सं. ११४५ थिंलाथ्व चतुथा, शुभम् ........